म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १२८ बिहीबार, १ पुस २०७८ त्रयोदशी ने. सं. ११४२ थिंलाथ्व 16 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस साझाकुरा दैनिकका लागि एक जना पुरुष संवाददाता (रिपोर्टर) र बजार प्रतिनिधि (पुरुष) आवश्यकता परेकोले एक साताभित्र निम्नलिखित योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहोला ।

योग्यता: प्रविणता तह उत्तीर्ण (+2 पास) ।
अनुभव: कम्तीमा एक वर्ष ।
तलब: आपसी समझदारीमा तय गरिनेछ ।
*(संवाददाताको हकमा पत्रिकामा काम गरेर अनुभव हासिल गरेको र पत्रकारिता अध्ययन गरेकालाई बिशेष प्राथमिकता ।)*

साझाकुरा राष्ट्रिय दैनिक सम्पर्क: ०५७-५२१११५ इमेल: sajhakura@gmail.com

## टिपरको ठक्करबाट एकको मृत्यु, एक घाइते

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-१९ दामिटारमा बुधबार बिहान टिपरको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

हेटौंडाबाट मनहरीतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख १८४९ नम्बरको टिपरले चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना ४९ प ८२५२ नम्बरको मोटर साइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको हो । अर्का एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक देवेन्द्र दासका अनुसार मृत्यु हुनेमा मोटर साइकल चालक चितवन रत्ननगर नगरपालिका निवासी ४० वर्षीय युवराज आचार्य रहेका छन् । दुर्घटनामा परेर मोटरसाइकलमा सवार बाग्लुङ जैमिनी निवासी ३३ वर्षीय नुरबहादुर थापा घाइते भएका छन् ।

घाइते थापाको हेटौंडा-स्थित चुरेहिल अस्पतालमा उपचार भइरहेको छ । थापाको अवस्था सामान्य रहेको छ । टिपर चालक फरार रहेकोले प्रहरीले खोजी गरि रहेको जनाएको छ ।

**सुमो पल्टिदा चार जना घाइते**

हेटौंडा/हेटौंडा-काठमाडौं छोटो मार्गअन्तर्गत भीमफेदी गाउँपालिकाको भैंसेमा सुमो पल्टिएर दुर्घटना भएको छ । दुर्घटनामा चार जना सामान्य घाइते भएका छन् ।

बुधबार बिहान काठमाडौबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज २८९१ नम्बरको सुमो अनिन्त्रित हुँदा दुर्घटना भएको हो ।



**भत्काईंदै सभागृह**: हेटौंडामा तत्कालीन शाहीकालमा निर्माण गरिएको हेटौंडा-४ हुप्र (लोकतान्तिक चौर) स्थित 'बासुदेव सभागृह' भत्काइएको छ । हेटौंडा उपमहानगरपालिकाले सोही स्थानमा भ्युटावरसहितको १२ तले व्यापारिक भवन निर्माण गर्न थालेपछि बासुदेव सभागृह भत्काउन सुरु गरिएको हो । भ्युटावरसहितको व्यापारिक भवन बनाउन बानियाँ निर्माण सेवाले ठेक्का पाएको थियो । बानियाँ निर्माण सेवा र हेटौंडा उपमहानगरपालिकाबीच केही दिनअघि मात्रै ३ वर्षभित्र योजना सम्पन्न गर्ने गरी सम्झौता भएको थियो ।

# कोइराला परिवारपछि दुई पटक कांग्रेस सभापति बने देउवा

साझाकुरा संवाददाता

हेटौंडा/प्रधानमन्त्री शेरबहादुर देउवा सत्तारुढ कांग्रेसको सभापतिमा दोस्रो पटक निर्वाचित भएका छन् । उनी १३ र १४ औं महाधिवेशनबाट लगातार दोस्रो पटक सभापति बनेका हुन् ।

देउवा कांग्रेस इतिहासमा कोइराला परिवारभन्दा बाहिरबाट सभापतिमा दोहोरिने पहिलो नेता हुन् । महाधिवेशन अन्तर्गत मंगलबार भएको दोस्रो चरणको मतदानमा २ हजार ७ सय ३३ मत प्राप्त गर्दै उनी सभापतिमा दोहोरिएका हुन् । देउवाले कुल खसेको मतको ५९.१२ प्रतिशत मत पाउँदा उनका प्रतिद्वन्द्वी डा.शेखर कोइरालाले १८ सय ५५ अर्थात् ४०.१३ प्रतिशत मत पाए ।

कुल खसेको ४६ सय २३ मतमध्ये ३५ मत बदर भएको निर्वाचन समितिले जनाएको छ । ०७२ मा भएको १३ औं महाधिवेशनबाट देउवा पहिलोपटक सभापति निर्वाचित भएका थिए । पार्टीभित्र लामो अन्तर्संघर्ष गर्दै उनी नेतृत्वमा पुगेका थिए । ०६७ मा काठमाडौंमा भएको १२ औं महाधिवेशनमा सुशील कोइरलासँग ३३५ मतले पराजित भएका देउवा ०५७ मा पोखरामा सम्पन्न नवौं महाधिवेशनमा गिरिजाप्रसाद कोइरालासँग पराजित भएका थिए ।

०७० माघमा भएको संसदीय दलको नेताको चुनावमा पनि उनी सुशीलसँग पराजित भएका थिए । चर्को अन्तर्संघर्षकै कारण कारबाहीमा परेपछि देउवाले आफ्नै नेतृत्वमा ०५९ असारमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठन गरेका थिए । ०६४ सम्म उनले त्यसको नेतृत्व गरेरु। अहिले उनी पाँचौंपटक प्रधानमन्त्री छन् । पहिलो चरणमा प्रतिस्पर्धामा उत्रिएका पाँच उम्मेद्वारमध्ये कसैले पनि ५० प्रतिशत कटाउन नसकेपछि धेरै मत ल्याउने दुई उम्मेदवार देउवा र कोइरालाबीच दोस्रो चरणको निर्वाचन भएको थियो । कुल चार हजार सात सय ४३ मतदातामध्ये पहिलो चरणमा चार हजार ६ सय ७९ मत खसेका थिए, जसमा देउवाले दुई हजार दुई ५८ अर्थात ४८.२५ प्रतिशत मत पाएका थिए ।

जितका लागि उनलाई ८२ मत अपुग भएको थियो । दोस्रो चरणमा देउवाले नौ सय सात मतान्तरले जित निकालेका छन् । पहिलो चरणमा सभापतिका अन्य प्रत्याशी प्रकाशमान सिंहले तीन सय ७१, विमलेन्द्र निधिले दुई सय ५० र कल्याण गुरुङले २२ मत पाएका थिए । दोस्रो चरणको मतदान मंगलबार दिउँसो साढे तीन बजेदेखि सुरु हुने भनिएपनि डेढ घन्टा ढिला सुरु भएको थियो । राती करिब १० बजे मतदान

**प्रजातन्त्र स्थापनापछिका हरेक संसदीय निर्वाचनमा चुनाव जित्ने देउवा एक्लो नेता हुन् ।**

सकिएलगत्तै गणना सुरु भएको थियो । बुधबार बिहान ३ बजे निर्वाचन समितिले नतिजा सार्वजनिक गरेको छ ।

**देउवाले दुई पटक कांग्रेस सभापति हारे**

दोस्रोपटक कांग्रेस हाँक्ने जिम्मेवारी पाएका शेर बहादुर देउवा ३१ जेठ २००३ मा डडेल्धुराको असिग्राम गाविस-६ रुवाखोलाको किसान परिवारमा जन्मिएका हुन् ।

पाँचौंपटक प्रधानमन्त्री बनेर देश पनि चलाइरहेका उनी यसअघि ०७२ मंसिरको अन्तिम साता भएको १३ औं महाधिवेशनबाट पनि सभापति निर्वाचित भएका थिए । राजनीतिशास्त्रमा स्नातकोत्तर तथा कानुनमा स्नातक गरेका देउवाले लन्डन स्कुल अफ इकोनोमिक्सबाट मानार्थ डिग्रीसमेत हासिल गरेका छन् ।

नेपाल विद्यार्थी संघका संस्थापक सदस्यमध्येका उनी दोस्रो महाधिवेशनबाट अध्यक्षमा चयन भएका थिए । देउवा पटक-पटक गरी नौ वर्ष जेल बसेका छन् । प्रजातन्त्र स्थापनापछिका हरेक संसदीय निर्वाचनमा चुनाव जित्ने उनी एक्ला नेता हुन् । ०४८ मा गृहजिल्ला डडेल्धुराबाट निर्वाचित भएर उनी गृहमन्त्री बनेका थिए ।

०५२ मा पहिलोपटक प्रधानमन्त्री बनेका देउवालाई



**देउवा ०५७ मा नवौं महाधिवेशनमा गिरिजाप्रसाद कोइराला र ०६७ मा १२ औं महाधिवेशनमा सुशील कोइरालासँग सभापतिमा पराजित भएका थिए ।**

दुईपटक त तत्कालीन राजा ज्ञानेन्द्र शाहले बर्खास्त नै गरे । पार्टीभित्र चर्को अन्तर्संघर्षका कारण कारबाहीमा परेपछि उनले ०५९ असारमा कांग्रेस (प्रजातान्त्रिक) स्थापना गरे । संविधानसभा निर्वाचनअघि ०६४ मा पुन: मूल पार्टी कांग्रेससँग एकीकरण गरे ।

०६७ मा काठमाडौंमा भएको १२ औं महाधिवेशनमा देउवा सभापतिमा सुशील कोइरालासँग ३३५ मतले पराजित भएका थिए । ०७० माघमा भएको संसदीय दलको नेताको चुनावमा पनि उनी सुशीलसँगै पराजित भएका थिए ।

त्यसअघि ०५७ मा पोखरामा सम्पन्न नवौं महाधिवेशनमा सभापतिको उम्मेदवार भएका उनी गिरिजाप्रसाद कोइरालासँग पराजित भएका थिए ।

## माओवादी केन्द्र विशेष प्रदेश कमिटी उपाध्यक्षमा पाण्डे



**मकवानपुरका नेता प्रकाशचन्द्र पाण्डे (प्रलोक) पुष्पकमल दाहाल प्रचण्डको सुरक्षा प्रमुखसमेत हुन् ।**

पाण्डे तत्कालीन अवस्थामा जनमुक्ति सेना नेपालका बटालियन कमान्डर थिए ।

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल कम्युनिष्ट पार्टी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सुरक्षा प्रमुखसमेत रहेका मकवानपुरका प्रकाशचन्द्र पाण्डे (प्रलोक) माओवादीको उपत्यका विशेष प्रदेश कमिटीको उपाध्यक्ष पदमा चयन भएका छन् ।

माओवादी केन्द्रको पार्टी संगठनात्मक संरचनाअनुसार ७ भौगोलिक र २ गैरभौगोलिक प्रदेशहरुको एकै साथ गत मंसिर २५ गते शनिबार अध्यक्ष प्रचण्डले भर्चुअल माध्यमबाट उद्घाटनसमेत गरेका थिए ।

माओवादी केन्द्रको ९ प्रदेश मध्येको उपत्यका विशेष प्रदेशको उपाध्यक्षमा सर्वसम्मत निर्वाचित नेता पाण्डे जनमुक्ति सेना नेपालका बटालियन कमान्डर थिए ।

नेता पाण्डे पार्टी हेडक्वाटर र अध्यक्ष प्रचण्डका सुरक्षाका जिम्मेवारीमा अब्बल सावित भएका कारण उपत्यका विशेष प्रदेशलाई पनि कुशलतापूर्वक नेतृत्व प्रदान गर्न सक्षम रहने भएकोले चयन गरिएको माओवादी केन्द्रले जनाएको छ । पाण्डे हाल वाईसीएल नेपाल बागमती प्रदेश समितिको इन्चार्जसमेत हुन् ।

माओवादी केन्द्र उपत्यका विशेष प्रदेश समितिको प्रथम सम्मेलनले अध्यक्षमा जगत सिम्खडा, उपाध्यक्षमा कृष्ण के.सी., प्रकाशचन्द्र पाण्डे, संगिता खड्का, सचिवमा सुरेन्द्र बस्नेत, सह-सचिवमा गोगन बहादुर मल्ल, विष्णु थापा, कोषाध्यक्षमा शंकर अधिकारीसहित १ सय ४१ सदस्यीय प्रदेश समिति सर्वसम्मत निर्वाचित गरेको हो ।

Hetauda School of Management & Social Sciences is offering various vocational programs in affiliation with CTEVT.

COOKING, BAKING & BARISTA TRAINING

हाम्रा बिषयहरु
प्रोफेसनल कुक (१२ महिने)
कमर्सियल कुकिङ्ग/बेकिङ्ग (६ महिने)
जेनेरल कुक (३ महिने)
बेकरी (३ महिने)
बारिस्ता (३ महिने)

पुस १ गतेदेखि कक्षा सञ्चालन हुने छ ।

हाम्रा सुविधाहरु
- अनुभवी, योग्य र समर्पित शिक्षक
- आधुनिक प्रयोगशाला
- CCTV र Multimedia सुबिधा
- विभिन्न तारे होटलमा OJT (on the job training)
- Visiting chef सुविधा
- शैक्षिक भ्रमण
- Internship (नेपाल र विदेशमा)

'कडा अनुशासन,स्तरीय शिक्षा'
HETAUDA SCHOOL OF MANAGEMENT & SOCIAL SCIENCES
Hetauda-4, Makawanpur
सम्पर्क व्यक्ति : राजीव कुमार कर्ण, ९८४५०३०१४७/९८२४२४६४७९

**कर्मचारी आवश्यकता**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलि:
वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना

तलब/सुबिधा: आपसी समझदारीमा तय गरिनेछ ।

**होटल म्याक्स**
हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७

पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।
हामी तपाईंको घरदैलोमा पत्रिका पुऱ्याउने छौं ।

APPLICATION FOR ENTRANCE EXAM of BCA
(Bachelor in Computer Application)
OPEN NOW
ONLINE ENTRANCE APPLICATION FORM: 06 Dec 2021 to 06 Jan 2022
ENTRANCE EXAMINATION: 22 Jan 2022, 1:00 PM
HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
www.hsm.edu.np
057-524701, 057-524711

CMAT Application form OPEN NOW for BIM
CMAT APPLICATION FORM: 05 Dec 2021 to 05 Jan 2022
DATE OF ADMISSION TEST: 22 Jan 2022, Saturday, 8:00 AM
*CMAT Preparation Class is currently running at HSM. Please contact for more info.*
HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES
www.hsm.edu.np
057-524701, 057-524711

साझाकुरा

## हाम्रो कुरा

# विरुद्धमा उत्रिने पाण्डे पनि उस्तै

'आफ्नो आङ्को भैंसी नदेख्ने, अर्काको आङ्को जुम्रा देख्ने' भने झैं बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले आफ्नो आङ्को भैंसी देखेनन् तर, डोरमणि पौडेल मुख्यमन्त्री हुँदा उनको आङ्को जुम्रा देखेका थिए । त्यसकारण पनि तत्कालीन अवस्थामा पौडेल मुख्यमन्त्री हुँदा बखत पाण्डेले संसदमा हरेक विषयमा आफ्नै पार्टीको मुख्यमन्त्रीको विरोध गर्दथे । अहिले पाण्डे र पौडेल फरक पार्टीमा छन् । पाण्डे मुख्यमन्त्री छन् । उनले बागमतीमा जम्बो मन्त्रिपरिषद् निर्माण गरेका छन् । जबकी उनी संसदमा मन्त्रिपरिषद्को विरुद्धमा पनि उत्रिन्थे । बागमती सरकार गठनको ४४ महिनापछि गठबन्धनमा निर्माण पाण्डे नेतृत्वको सरकारले बागमतीमा जम्बो मन्त्रिपरिषद् बनाएको हो ।

यसअघि तत्कालीन नेकपा र नेकपा एमाले नेतृत्वको सरकार रहँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ वटा मन्त्रालयबाट सत्ता संचालन भइरहेको थियो । ११ कात्तिकमा नेकपा माओवादी केन्द्र, नेपाली काँग्रेस र नेकपा (एकीकृत समाजवादी)को गठबन्धनको सरकार निर्माणपछि बागमतीमा १५ मंसिरको मन्त्रिपरिषद् बैठकले आठ वटा मन्त्रालय फुटाएर १४ वटा बनाउने निर्णय गरेसँगै मन्त्रिपरिषद् जम्बो बनेको छ । सत्तारुढ गठबन्धनमा रहेका माओवादी केन्द्र, काँग्रेस र नेकपा एसमा भागबन्डा मिलाउन दलहरुको सहमतिमा मन्त्रालय फटाइएको हो । ११ कात्तिकमा आफु मुख्यमन्त्री बनेसँगै पहिलो चरणमा पाण्डेले काँग्रेस, माओवादी केन्द्र र नेकपा एसबाट एक/एक जनालाई मन्त्री नियुक्त गरेका थिए । सत्तारुढ गठबन्धन रहेका दलमध्ये फुटाइएको मन्त्रालयमा मंगलबार माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)बाट मन्त्री र राज्यमन्त्री नियुक्त गरिएको छ । माओवादी केन्द्रबाट तीन मन्त्री, एक राज्यमन्त्री र नेकपा एसबाट दुई जना मन्त्री नियुक्त भएका हुन् ।

पाण्डेले मन्त्री र राज्यमन्त्री नियुक्त गरेसँगै मंगलबारनै प्रदेश प्रमुख यादवचन्द्र शर्माले सपथ ग्रहण गराएका छन् । माओवादीका घनश्याम दाहाल श्रम रोजगार तथा यातायात, नेकपा एसका बसन्तकुमार मानन्धर खानेपानी उर्जा तथा सिंचाई, नेकपा एसका बसुन्धरा हुमागाईं कृषि तथा पशुपन्छी, माओवादी केन्द्रका बिशाल खड्का वन तथा वातावरण, माओवादी केन्द्रका रत्नप्रसाद ढकाल युवा तथा खेलकुद मन्त्री नियुक्त भएका छन् भने, नेकपा एसकी इन्द्रमाया गुरुङ कृषि तथा पशुपन्छी राज्यमन्त्री बनेकी छन् । उनलाई मुख्यमन्त्री राजेन्द्र पाण्डेले सपथ गराएका हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस २ गते शुक्रबार १७ डिसेम्बर २०२१ । मार्ग शुक्ल चतुर्दशी । थिंलाथ्व चतुर्दशी ११४१ । सूर्योदय ६:४७ र सूर्यास्त ५:११ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# बागमती प्रदेश उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा टिप्पणी



रमेश प्रसाद लामिछाने, हेटौंडा

उच्च शिक्षाले विश्वविद्यालय तहको शिक्षालाई बुझाउँछ । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको पनि डेढ दशक पुग्न लागेको छ । प्रत्येक प्रदेशले उच्च शिक्षालाई प्राथमिकता दिएको भए कम्तिमा पनि हरेक प्रदेशले आज विश्वविद्यालय सहितको गौरवपूर्ण मर्यादा कायम गर्दै उच्च पहिचान प्रदर्शन हुने तथ्यमा कतै बिमति छैन । यद्यपि हाल नेपालमा पन्ध्रवटा भन्दा बढि विश्वविद्यालय र प्रतिष्ठानहरु स्थापना भएको भनिएता पनि अस्तित्वमा दर्जन ननाघेको स्थिति स्पष्ट छ ।

केहि महिना अघि मात्र २ नं. प्रदेशले उच्च शिक्षा विधेयक प्रस्तुत गरेको समाचार बाहिर आए पनि कामैको गति भने कतै सुनिएको छैन । उच्च शिक्षा विधेयक ल्याउनु र प्रदेश सरकारबाट ऐन जारी हुनु आफैंमा एउटा महत्वपूर्ण संदेश त बन्छ नै यद्यपि कार्यान्वयनलाई बेवास्ता गरिएमा यस्ता औपचारिकताको अस्तित्व रहने छैन । यसै सन्दर्भमा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बाहिर आएको छ ।

**विधेयकमा उल्लेखित पक्षहरु र केहि शिर्षक उपरको टिप्पणी :**

१. ढिलो गरि आएता पनि, विश्वविद्यालय स्थापनाको उद्देश्यले प्रस्तुत उच्च शिक्षा विधेयक आफैंमा एक ऐतिहासिक महत्वको विषय भएकाले सर्वप्रथम बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको प्रशंशा गर्नै पर्दछ ।

२. प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्वन्धि टिप्पणीका २० वटा बुँदा मार्फत प्रत्यायोजित व्यवस्थापनको प्रावधान र यसको कारण, प्रकृति र सीमा तथा यसबाट पर्नसक्ने प्रभावको तालिकाबाट स्पष्ट बनाउने नयाँ शैलीको प्रयोगलाई सकारात्मक भन्नै पर्दछ ।

३. प्रस्तुत विधेयकका ४५ वटै दफाको दफावार बुँदामा प्रस्तावित दफाका शिर्षक र ब्याख्यात्मक टिप्पणीले समग्र विधेयकलाई संक्षिप्तमा बुझ्न स्पष्ट र सहज बनाएको छ ।

४. प्रदेश उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुत विधेयकमा ८ वटा परिच्छेदहरु अन्तर्गत ४५ दफाहरुमा ४५ वटै महत्वपूर्ण शिर्षकहरु २९ पेजमा समेटिएको छ ।

५. प्रस्तुत विधेयकमा परिच्छेद १ को परिभाषा अन्तर्गत १७ वटा शब्दहरुको परिभाषा उल्लेख गरिएको छ । परिच्छेद २ ले १५ जनाको प्रदेश उच्च शिक्षा परिषदको गठन र ८ वटा काम कर्तब्य अधिकारको ब्यवस्था गरिएको छ भने परिच्छेद ३ ले मन्त्रालयको १८ वटा काम, कर्तब्य र अधिकार उल्लेख गरेको छ ।

**टिप्पणी क.** प्रदेश उच्च शिक्षा परिषदको अध्यक्षमा मुख्यमन्त्री, उपाध्यक्षमा सामाजिक विकास मन्त्री र सदस्यहरुमा प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव संगै सामाजिक विकास मन्त्रालयका सचिवलाई सदस्य सचिव रहने गरि प्रदेश सरकारका प्रमुख निर्णायक ६ जना ब्यक्तित्वहरु नै परिषदमा रहेपछि यो नै प्रदेश उच्च शिक्षाको सर्वोच्च संरचना भएको स्पष्ट भएकाले परिषदले मन्त्रालय वा प्रदेश सरकार समक्ष पेश गर्ने भनिएका कुराहरु मात्र औपचारिकता हुनेहुँदा यस परिच्छेद र अन्तर्गतका दफाहरु परिमार्जन गर्दा उपयुक्त हुन्छ कि ?

**टिप्पणी ख.** सामाजिक विकास मन्त्रालयको काम, कर्तब्य र अधिकार उल्लेख गरिरहँदा सिंगो प्रदेश सरकारको आफ्नो प्रदेश अन्तर्गतका विश्वविद्यालय तहको शिक्षा अर्थात उच्च शिक्षा प्रतिको काम, कर्तब्य र अधिकारबारे रत्ति पनि प्रसंग नउठाउँदा सरोकारवर्गमा स्वभाविक शंका र सन्देह उत्पन्न गराएको छ । संगै, प्रदेश अन्तर्गतका विश्वविद्यालय प्रति संघीय सरकारको कुनै सम्वन्ध नै नरहने हो र ? सो बारे यो विधेयक मौन बस्न मिल्छ ?

**टिप्पणी ग.** यसै परिच्छेदले उच्च शिक्षाका लागि योग्यता मापदण्डको प्रारुप तयार गर्ने अभिभारा मन्त्रालयलाई दिनुभन्दा यो विधेयकमा नै उल्लेख गर्दा वा सिधै परिषदलाई जिम्मेवारी प्रदान गर्नु उपयुक्त हुने छ ।

६. परिच्छेद ४ मा विश्वविद्यालयको स्थापना अन्तर्गत सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठानका बारेमा स्पष्ट गर्दै सम्वन्धन सम्वन्धि ब्यवस्था संगै विश्वविद्यालयले बनाउनुपर्ने विधानमा उल्लेख गर्नैपर्ने १६ वटा कुराहरु प्रस्तुत गरिएको छ । साथै विश्वविद्यालयको ९ सदस्यीय संरक्षक समिति बोर्ड अफ ट्रष्टी र यसका काम, कर्तब्य र अधिकार मुख्य रहेका छन् ।

**टिप्पणी क.** यस परिच्छेदले ब्यवस्था गरेको सामुदायिक वा मानित विश्वविद्यालय र स्वायत्त प्रतिष्ठानको थप ब्याख्या जरुरी देखिएको छ । उच्च शिक्षाको सन्दर्भमा वर्तमान विश्व भूमण्डलीकरण अझ खासगरि दक्षिण एशियामा समान शैक्षिकस्तरको प्रसंगलाई बेवास्ता गर्न मिल्दैन । सार्वजनिक विश्वविद्यालयलाई नै मानित विश्वविद्यालयको संज्ञा दिएर भिन्न प्रकारको सूची बिस्तारले मात्र राम्रो सन्देश नजान सक्छ । औचित्य तथा कारणहरु गौण देखिएकाले थप शंका उब्जिएको छ ।

**टिप्पणी ख.** त्यस्तै स्वायत्त प्रतिष्ठान जुन विश्वविद्यालय सरहको शैक्षिक उपाधि प्रदान गर्नेलाई पनि अर्को प्रकारको विश्वविद्यालय भनिएको छ । समकक्षता प्रमाणित गर्नु र शैक्षिक उपाधि प्रदान गर्नुलाई थोरै विश्लेषण गर्नै पर्दछ । ति शैक्षिक प्रतिष्ठान लगायत अन्य विश्वविद्यालयबाट आएका प्रमाणपत्रको मापदण्ड निर्धारण गरि समकक्षताको सर्टिफिकेट दिनु उत्तम देखिन्छ । सबै हालका परम्परागत अभ्यासलाई निरन्तरता दिनै पर्दछ भन्ने जरुरी छ र ?

**टिप्पणी ग.** परिच्छेद ४ को दफा ८ को ५ ले सार्वजनिक तथा मानित विश्वविद्यालय र यी अन्तर्गतका आंगिक क्याम्पस तथा अनुसन्धान केन्द्र एकै परिसरमा स्थापित हुनसक्ने भनिएको छ, जुन सान्दर्भिक र ब्यवहारिक हुनै सक्दैन ।

**टिप्पणी घ.** परिच्छेद ४ कै दफा ८ को ६ नं.मा ब्यवस्था गरिएको शैक्षिक परामर्श सेवा, प्रशिक्षण वा अनुसन्धानका काम गर्ने सार्वजनिक संस्थाले शैक्षिक उपाधि प्रदान गर्ने सवाल बिरोधाभाष भएकाले सो को भिन्न मापदण्ड तथा आधारहरु सहित स्पष्ट गर्नु जरुरी छ ।

**टिप्पणी ङ .** परिच्छेद ४कै दफा १० मा विश्वविद्यालय, मानित विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठान स्थापनाका मापदण्ड तथा पूर्वाधार तोकिए बमोजिम हुने भनेर प्रारम्भमा नै लचकता देखाउनु उपयुक्त हुँदैन । यो अत्यन्त महत्वपूर्ण सवाल भएकाले भिन्न परिच्छेदमा मापदण्ड तथा पूर्वाधारको स्पष्ट विवरण उल्लेख गर्नै पर्दछ । अन्यथा, शैक्षिक संस्थाहरु मर्जको चर्चामा भविष्यमा धेरैले ब्यस्त रहने दिन आउन सक्छ । प्रस्तुत विधेयकमा नै आवश्यक जमिन, भवन, पाठ्यक्रम निमार्णको क्षमता, परीक्षा नियन्त्रण कार्यालय, विद्यार्थी संख्या, आयश्रोत, योग्य प्राध्यापकहरु, नेतृत्व, कर्मचारी , पुस्तकालय, प्रयोगशाला, सेवाक्षेत्र, विषयहरु, नतिजा, भरपर्दो प्रतिवद्धता लगायतका अन्य आवश्यक साधन श्रोतका कुराहरु किटानीसाथ तोकिनु पर्दछ ।

७. परिच्छेद ५ ले विश्वविद्यालयको संगठनात्मक संरचना र पदाधिकारी सम्वन्धि तोकिए बमोजिमको ब्यवस्था गरेको छ भने परिच्छेद ६ ले विश्वविद्यालय गाभ्ने र विघटन सम्वन्धि ब्यवस्था संगै क्याम्पस तथा विद्यार्थी समेत हस्तान्तरणको प्रावधान उल्लेख गरेको छ ।

**टिप्पणी क.** प्रस्तुत विधेयकको दफा १८ र १९ ले विश्वविद्यालयको संगठनात्मक संरचना र पदाधिकारी सम्वन्धि ब्यवस्था तोकिए बमोजिम हुने भनेर अमूर्त ढंगले पन्छिनु उपयुक्त हुँदैन । एकै प्रदेश अन्तर्गतका प्रत्येक विश्वविद्यालयको संगठनात्मक संरचना र पदाधिकारी ब्यवस्था भिन्न भिन्न हुनु आफैंमा विवादास्पद मात्र नभै असान्दर्भिक समेत हुने भएकाले यो विषयलाई पनि हलुका कोणबाट लिनु हुँदैन ।

**टिप्पणी ख.** परिच्छेद ६ को दफा २७ ले विद्यार्थी हस्तान्तरण हुन सक्ने भनि अर्को विवादास्पद विषय उल्लेख गरेको छ । निश्चित तह जस्तो स्नातक तह उत्तिर्ण गरे पश्चात स्नातकोत्तर अध्ययनको लागि अर्को विश्वविद्यालयमा माईग्रेशन प्रमाणपत्र लिएर जान सक्छन् । तर, एउटै तह स्नातक तहकै एक वर्ष एउटा विश्वविद्यालयमा र अर्को वर्ष भिन्न विश्वविद्यालयमा अझ तेश्रो वर्ष तेश्रो विश्वविद्यालयमा अध्ययन गर्ने गरी विद्यार्थी हस्तान्तरण वा स्थानान्तरण नहुने मात्र नभै देख्दा तमाशा बन्न सक्छ । उपहासको विषय बन्ने यस्ता प्राविधिक कुराहरु विश्लेषण गरेर मात्र उल्लेख गर्नु पर्दछ ।

८. प्रस्तुत विधेयकको परिच्छेद ७ मा विश्वविद्यालयको सम्पत्ति, कोष तथा लेखापरीक्षण र परिच्छेद ८ मा विविध अन्तर्गतका विभिन्न १६ वटा विषयहरु समावेश गरिएको छ ।

अन्तमा, विधेयकको प्रस्तुति र प्रवेश नै महत्वपूर्ण विषय भएकाले फेरि पनि सम्बद्ध सबै ब्यक्तित्वहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै नमिलेका र उपयुक्त नदेखिएका विषयहरुलाई सान्दर्भिक, उपयुक्त र वैज्ञानिक बनाई जिम्मेवार तहबाट वागमती प्रदेशको उच्च शिक्षालाई विश्वस्तरमै स्थापित हुने अपेक्षा गर्दछु ।

# प्रगतिशीलताको कसीमा बीपी

**एसियाकै केही देशले डीआर रेग्मीले उठाएका ती प्रगतिशील मुद्दा कार्यान्वयन गर्न समाजवादी बीपीलाई केले छेकेको थियो ?**



नीरज लवजू

'विथर नेपाल' पुस्तकमा डीआर रेग्मीले नेपालको प्रजातान्त्रिक आन्दोलनमा बीपी कोइरालाको उदयबारे अहिले उति चर्चा नगरिने विषयमाथि चर्चा गरेका छन् । नेपाली काँग्रेस स्थापनामा नेतृत्वदायी भूमिका खेल्ने नेताहरूमध्ये थिए- डीआर रेग्मी अर्थात् डिल्लीरमण रेग्मी । पुस्तकमा उनले नेपालको प्रजातान्त्रिक आन्दोलनलाई क्रान्तिकारी र नेपाली समाजमा दिगो रूपान्तरणका मुद्दालाई ओझेलमा पारेर सामान्य हेरफेरमा सीमित राख्ने र आृनो नियन्त्रणबाट बाहिर जान नदिन तत्कालीन भारतीय शासकहरूले योजनाबद्ध रूपमा बीपी कोइराला नेतृत्वको काँग्रेसलाई उकासेको दाबी गरेका छन् ।

बेलायतबाट भर्खर स्वतन्त्र भएको भारतका नेताहरूलाई त्यतिबेला आफ्नै आन्तरिक मामिलाको व्यवस्थापन गर्न हम्मेहम्मे थियो । त्यतिबेला उनीहरूलाई नेपालबारे धेरै चिन्ता र चासो लिइरहने समय पनि थिएन । तर, जब चिनियाँ जनमुक्ति सेना तिब्बत आइपुग्यो र तिब्बतलाई शान्तिपूर्ण ढंगले मुक्त गर्‍यो, तब मात्र भारतीय नेताहरूका लागि नेपालको महत्व उजागर भयो । उत्तरमा बाढी जस्तै उर्लिएको 'कम्युनिज्मको लहर' कुनै पनि बेला भारत पस्न सक्ने खतराबाट जोगिन भारतीय नेताहरू नेपाललाई बफर क्षेत्रका रूपमा प्रयोग गर्न चाहन्थे । त्यसो गर्न उनीहरूलाई पश्चिमा शक्ति राष्ट्र र तत्कालीन सोभियत सैं समेतको दबाब थियो ।

जीर्ण बनिसकेको राणा शासकहरूले उर्लिएको कम्युनिज्मको बाढी रोक्न सक्ने अवस्था थिएन । त्यसका दुई कारण थिए : पहिलो, राणाहरूको अप्रजातान्त्रिक व्यवस्थाप्रति नेपाली जनतामा असन्तोष बढ्दै थियो । चार जना सहिदहरूलाई ज्यान सजाय दिएर र टंकप्रसाद आचार्यजस्ता नेताहरूलाई कालकोठरीमा थुन्दा पनि प्रजातन्त्रप्रतिको चाहना नेपाली जनताबीच कति पनि कम भएको थिएन । भारत बसेर प्रजातन्त्रका लागि लड्ने प्रजातान्त्रिक योद्धाहरू मात्र होइनन्, देशभित्र पनि गोपालप्रसाद रिमालको नेतृत्वमा दैनिक जागरण गीत गाउँदै राणाशासनको विरोध गर्ने क्रम सुरु भएको थियो । (दमनराज तुलाधरको संस्मरण) आपसी दुश्मनीले कमजोर बनेको राणाशासन देशभित्र र बाहिर प्रजातन्त्रप्रति जनताको बढ्दो चाहनाले क्रमश: कमजोर बन्दै गएको थियो ।

भारतमा सफल भएको स्वतन्त्रता आन्दोलनले पनि नेपाली जनताको मनमा त्यो चाहनाको न्यानो छरेको थियो । अर्को पक्ष, राणाशासनको परम्परागत संरचनाको कारणले पनि कम्युनिज्मको लहरलाई रोक्न सक्ने थिएन । 'प्राइममिनिस्टर'को तजबिजमा चल्ने त्यो व्यवस्था न वैचारिक रूपमा बलियो थियो, न भौतिक वा प्राविधिक रूपमा । तिब्बत पुगेको कम्युनिज्मको लहर रोक्न राणाले नसक्ने भएपछि भारतीय नेताहरूलाई नेपालमा एउटा बलियो घोडाको आवश्यकता थियो । भर्खर आफैं उपनिवेशवादबाट मुक्त भएको देशका नेताहरूले नेपालमाथि थिचोमिचो गर्नु नैतिक रूपमा उचित थिएन ।

उनीहरू अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो बद्नामी हुने भनी डराएका थिए । प्रजा परिषद्का नेताहरू जेलमै थिए । नयाँ घोडा बन्न सक्ने क्षमता बोकेको अर्को पार्टी नेपालमा थिएन । त्यसकारण उनीहरूको स्वाभाविक छनौट भनेको भारतमै रहेका नेपाली जनताले गठन गरेको नेपाली काँग्रेसलाई सिंहदरबारमा पुर्‍याउनु थियो । त्यो विशिष्ट अन्तर्राष्ट्रिय परिस्थितिमा २००७ सालको संघर्ष भयो । भारतले चाहेजस्तै नेकाँ दिल्ली र बनारसका गल्लीबाट सिंहदरबारको बैठकमा पुग्यो ।

'विथर नेपालझ'मा डीआर रेग्मीको दाबीअनुसार नेपालको प्रजातान्त्रिक आन्दोलमा छलफलमा आएका नेपाली वस्तुस्थितिअनुसार परिवर्तनका मुद्दालाई ओझेल पार्न प्रजातान्त्रिक आन्दोलनमा तुलनात्मक रूपमा कम योगदान भएका बीपीलाई भारतीय नेताहरूले अघि ल्याएका थिए । बीपीको समूह प्रजातान्त्रिक आन्दोलनभित्रै अन्य समूहको तुलनामा वैचारिक रूपमा कम परिपक्व र नेपालमा प्रजातान्त्रिक सुधारबारे अस्पष्ट थियो ।

डीआर रेग्मी नेपालमा सामन्ती राणाशासनलाई बिदा गरेर प्रजातन्त्र स्थापनाको पक्षमा त थिए । उनी स्वयं पनि त्यसका निम्ति लडेका थिए । तर, उनले नेपालको लागि परिकल्पना गरेको प्रजातन्त्र बीपीहरूले औंल्याएको प्रजातन्त्रभन्दा फरक खालको थियो । उनी नेपालमा पश्चिमा शैलीको प्रजातन्त्र अर्थात् भारतले स्वतन्त्र भएपछि लागू गरेको जस्तो प्रजातन्त्र स्थापना गर्ने पक्षमा थिएनन् । त्यस्तो प्रजातन्त्रले नेपाली जनताले चाहेको राजनीतिक र आर्थिक व्यवस्था स्थापना गर्न सम्भव नभएको उनको बुझाइ थियो । त्यस निम्ति उनले सोभियत समाजवादबाट धेरै कुरा सिक्न सकिने मत राखेका थिए ।

नेपालको आर्थिक र सामाजिक विकासबारे रेग्मीले पुस्तकमा आज पनि निकै प्रगतिशील लाग्ने कयौं विषय उठान भएका छन् । उनले आृनो पुस्तकमा उठाएका कतिपय मुद्दा आजको नेपालका निम्ति पनि निकै प्रगतिशील खालका छन् । कतिपय ती मुद्दा आजको नेपालमा लागू गर्दा पनि नेपाली समाजको रूप अर्कै हुने थियो । ती मुद्दा त्यतिबेलाको नेपालमा लागू गर्नु नेपाली शासक वर्गका लागि त असह्य हुने नै थियो, आफूलाई प्रजातान्त्रिक र समाजवादी बताउने भारतीय नेताहरूका लागि समेत अपाच्य हुने थियो ।

नेपालमा ती प्रगतिशील मुद्दा लागू गर्नु भनेको नेपाल पनि क्रमश: सामाजिक र आर्थिक सुधार (राजनीतिक सुधारबारे उनी अलि फरक मत राख्छन्) को हिसाबले समाजवादी सोभियत सैकै ढाँचामा जानु हुने र त्यसले भारतलाई पनि मस्त निद्रा सुत्न नदिने विषयमा भारतीय नेताहरू सचेत थिए । त्यसैकारण डीआर रेग्मीहरू इतिहासको प्रवाहमा किनारा लगाइए र आफ्नो नियन्त्रणमा राख्न सकिने नेताहरूलाई जनताबीच लोकप्रिय बनाउन प्रयास गरियो ।

बीपी कोइराला भारतीय नेताहरूबीच जतिसुकै चिनिए पनि नेपाल, विशेषत: काठमाडौंका जनताले उनलाई चिनेका थिएनन् । काठमाडौंका जनताको निम्ति नेता भनेको फेरि पनि टंकप्रसाद आचार्य नै थिए । टंकप्रसादको रिहाइपछि काठमाडौंमा उर्लिएको मानवसागर त्यसको पुस्ट्याइँ थियो । तर, टंकप्रसादहरू राणाको कालकोठरीमा कैद रहेकै बेला बीपी काठमाडौंका जनताबीच काम गर्ने भनी आएका थिए । केही दिनमै उनी पक्राउ परे ।

पक्राउ परेको केही दिनमै उनले विभिन्न माग राखी जेलभित्रै अनशन सुरु गरे । उनको अनशनलाई समर्थन गरेर प्रजा परिषद्का कैदीहरूले पनि कारागारभित्र अनशन थाले । आमरण अनशनका कारण प्रजा परिषद्का नेताहरू इन्तु न चिन्तु भइसकेका थिए । प्रजा परिषद्का अनशनकारीहरू त्यतिबेला तीनछक परे जब बीपीले अनशन सुरु गरेको केही दिनमै आफ्ना माग फिर्ता गरेर अनशन छोडी बनारस गए । बीपीलाई आफ्नो समर्थनमा बसिएको उनीहरूको अनशनबारे थाहा थियो । तथापि, उनी ती सत्याग्रहीलाई बेवास्ता गरेर आफू मात्र रिहा भई भारततिर लागेका थिए । टंकप्रसाद आचार्यसम्बन्धी जेम्स फिसरले लेखेको पुस्तक 'ज्युँदा सहिद'मा आचार्यले यो घटनाको सविस्तार चर्चा गर्दै बीपीको व्यक्तित्वबारे चर्चा गरेका छन् ।

बेलायतीहरू घर फर्केपछि हौसला गुमाएका शिथिल र कान्तिहीन राणाशासन ढालेर आफ्नो तखतको राज्य (भेसल स्टेट) बनाउने भारतीय शासक वर्गको योजना कार्यान्वयन गर्न उनीहरूका लागि बीपी समूह उपयुक्त निस्कियो । भारतीय शासक वर्गलाई तुलनात्मक रूपमा प्रगतिशील मुद्दा बोकेको डीआर रेग्मीलाई उकास्नु आफ्नै लागि अहितकारी हुने राम्ररी थाहा थियो । टंकप्रसाद आफैं नेपालमाथि भारतको थिचोमिचोका विरोधी थिए । बीपीले भने कुनै सन्दर्भमा 'भारत र नेपाल अलग देश नभएको' अभिव्यक्ति नै दिएका थिए । उनको राजनीतिक हुर्काइ पनि मुख्यत: भारतमै भएको थियो । त्यसकारण पनि बीपी भारतीय नेताहरूको छनौटमा परे ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेकाँको भूमिकालाई अस्वीकार गर्न मिल्दैन । तर, इतिहासलाई फर्केर हेर्दा वा समीक्षा गर्दा साँच्चै डीआर रेग्मीले 'नेपाल इन क्राइसिस' पुस्तकमा उठाएका मुद्दा बीपीले पनि उठाएका भए के उनी त्यतिबेला जुन सैर्षको नेतृत्वमा पुगेका थिए, त्यहाँ पुग्ने थिएन वा थिएनन् ? अथवा उनले ती मुद्दा बोकेर सरकारमा गएपछि कार्यान्वयनको जग राखेका भए नेपाल आजको अवस्थाभन्दा माथि उकासिने थियो वा थिएन ?

ती विषय उठाउन बीपीलाई के कुराले रोकेको थियो ? एसियाकै केही देशले डीआर रेग्मीले उठाएका ती प्रगतिशील मुद्दा कार्यान्वयन गर्न समाजवादी बीपीलाई केले छेकेको थियो ? अहिले त यी प्रश्न काल्पनिक खालका छन् । तर, इतिहासको समीक्षा गर्दा यी विषयमा पनि घोत्लिन पाए इतिहासका पात्रको सही मूल्यांकन मात्र हुने होइन, इतिहासको सही समीक्षा पनि हुने थियो । - साभार: इकागज

# मंसिर बित्न लागेकोमा केकीलाई चिन्ता !



नायिका केकी अधिकारी चलचित्रमा निक्कै व्यस्त छिन् । बक्स अफिसमा केकीका चलचित्रले उत्साहजनक व्यापार नगरेपनि उनलाई कामको अभाव भने छैन । राम्रो अभिनय गर्ने भएकाले केकीलाई मेकरल पत्याएका छन् । चलचित्रसँगै केकीको व्यक्तिगत जीवनको चर्चा पनि बेलाबखत हुने गर्दछ । त्यसमा पनि उनको विवाहको चर्चा धेरै हुने गरेको छ । विवाहको महिना आउने बित्तिकै मिडियादेखि शुभेच्छुकसम्मले उनलाई बिहे कहिले भनेर सोध्ने गर्छन् । केकीको जवाफ भने सधैं एउटै हुन्छ, 'भनेजस्तो युवक नै पाएको छैन ।' त्यसो त, केकीको प्रेमको चर्चा पनि मिडियामा निक्कै कम मात्र हुने गर्दछ । केकी पनि या विषयमा खुलेर कुरा गर्दिनन् । तर, अब केकीलाई मंसिर महिना बित्न लागेकोमा भन्ने चिन्ता लागेको छ । सामाजिक सञ्जालमा उनले 'मंसिर पनि जान लाग्यो त' भन्दै तस्वीर शेयर गरेकी छन् । यसबाट केकीलाई मंसिरमै घरजम नभएकोमा चिन्ता लागेको हो कि भन्ने बुझ्न सकिन्छ । चलचित्र क्षेत्रमा केकीभन्दा पछि आएका धेरै नायिकाहरु घरजममा रमाइसकेका छन् । केकी भने बिहेको सिजन जान लाग्यो भनेर चिन्ता मानिरहेकी छन् ।

- अनलाईनखबर

# अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क शिक्षाको माग

काठमाडौं (रासस)/ राष्ट्रिय अपाङ्ग महासंघ, नेपालले अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क शिक्षा कार्यान्वयनको माग गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन नहुँदा अपाङ्गता भएका व्यक्ति शिक्षाबाट बञ्चित हुनुपरेकाले महासंघले ऐनअनुसार नि:शुल्क शिक्षाको व्यवस्था कार्यान्वयन गर्नुपर्ने माग गरेको हो ।

विद्यालय जाने उमेर समूहका अपाङ्गता भएका बालबालिकामध्ये ४०.५ प्रतिशत आर्थिक अवस्था कमजोर भएकै कारण विद्यालय बाहिर रहेको र यसका लागि सरकारी निकायबाट पर्याप्त पहल नभएको महासंघका महासचिव राजु बस्नेतले बताए । युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनअनुसार पाँचदेखि १२ वर्ष उमेरका कूल अपाङ्गता भएका बालबालिकामध्ये ३० प्रतिशत अझै विद्यालयभन्दा बाहिर छन् ।

सरकारी प्रतिवेदन अनुसार सरकारले सञ्चालन गरेका ३५ हजार ९९३ बाल विकास केन्द्रमा नौ लाख ७३ हजार ९०० बालबालिका अध्ययनरत् छन् । यसमा अपाङ्गता भएका बालबालिकाको संख्या तीन हजार २७० छ ।

अपाङ्गता भएका महिलामाथि हुने हिंसामा २१ प्रतिशत शैक्षिक संस्थामा हुने गरेको पाइएको छ । महासंघले संघीय, प्रदेश र स्थानीय



तहसम्म भएको अपाङ्गता सम्बन्धी ज्ञान, सूचना र जानकारीको अभावलाई पूरा गर्न सरकारले सूचनामूलक जानकारी उत्पादन प्रसारणलगायत कर्मचारी र जनप्रतिनिधिलाई तालिम तथा अभिमुखीकरणलाई निरन्तरता दिनुपर्ने मागसमेत गर्दै आएको छ । विश्वविद्यालय र विद्यालयमा अपाङ्गतासम्बन्धी पाठ्यक्रमहरूलाई प्रवर्द्धन गर्नुपर्ने महासैको भनाइ छ । ऐनमा ऐनबमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार उल्लंघन गरेमा वा निजप्रतिको दायित्व पूरा नगरेमा त्यस्तो व्यक्तिलाई ५० हजारसम्म जरिवाना हुनेछ भनिएको छ ।

अपाङ्गता परिचयपत्र देखाएर भर्नाका लागि जाँदा विद्यालयले विभिन्न बहानामा फर्काइदिने गरेको अपाङ्गता भएका व्यक्तिको गुनासो छ । नेपाल अपाङ्ग महिला सैका अध्यक्ष टीका दाहालले नियमावली परिमार्जन गर्दै कार्यान्वयनका लागि राज्यले नै सचेतना अभियान सञ्चालन गर्नुपर्ने माग गरे । जनगणना २०६८ सालको प्रतिवेदनमा उल्लेख भएअनुसार कूल जनसंख्याको १.९४ प्रतिशत मात्र अपाङ्गता भएका व्यक्ति छन् । शारीरिक, मानसिक, बौद्धिक र इन्द्रीयसम्बन्धी अवस्थाका आधारमा हुने विभिन्न प्रकारका भेदभाव, दुर्व्यवहार, हिंसा तथा मानवनिर्मित भौतिक संरचना र सूचना तथा सञ्चारमा हुने अवरोधका कारण अपाङ्गता भएका व्यक्ति मानवअधिकारको समान उपयोग, आधारभूत सेवा सुविधाको उपयोग, मौलिक हकको उपयोग तथा अवसरको समान उपयोगमा पछाडि पारिएका छन् ।

# विश्वविद्यालयमा दलीय राजनीति हाबी भएको उपकुलपतिहरूको गुनासो

काठमाडौं(रासस)/ विभिन्न विश्वविद्यालयका उपकुलपतिहरूले राजनीतिक दलमा आवद्ध शिक्षक-कर्मचारीलाई अनुशासनमा राख्न नसक्दा काम गर्न अप्ठ्यारो भएको गुनासो शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलसमक्ष गरेका छन् ।

अति राजनीतिकरणबाट ग्रस्त मुलुकको जेठो र ठूलो त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा धर्मकान्त बाँस्कोटा, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति डा नन्दबहादुर सिंहलगगायतले मन्त्री पौडेलसँग त्यस्तो अवस्था अन्त्यका लागि कानुनी र अन्य सहजीकरणका लागि आग्रह गरेको हो ।

राजनीतिक प्रभावकै कारण कतिपय विश्वविद्यालयमा अहिले पनि तालाबन्दी र आन्दोलन जारी रहेका बेला विभिन्न ११ विश्वविद्यालयका समस्या र उच्च शिक्षाका क्षेत्रमा गर्नुपर्ने कामका विषयमा मन्त्री पौडेलले मंगलबार सिंहदरबारमा छलफल आयोजना गरेका थिए ।

'दलीय आधारमा खोलिएका संगठन र कर्मचारीले हरेक काम र तिनका स्वार्थमा हामीलाई हिँडाउन खोज्छन् । जुन सङ्काय क्याम्पसमा पनि दलका समर्थक नै हाबी भएका छन् । यसले गर्दा समग्र प्राज्ञिक र प्रशासनिक सुसञ्चालनमा असहजता भइरहेको छ', त्रिविका उपकुलपति डा बाँस्कोटाले भने ।

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा यादवप्रकाश लामिछानेले दाङको देउखुरीस्थित विश्वविद्यालयको एक हजार ३६५ बिघा जग्गामा आफूहरुले भोगचलन गर्न नपाएकाले उच्चस्तरीय आयोग गठन गरेर समस्याको समाधान गरिदिन आग्रह गरे । उक्त जग्गा माओवादीद्वारा सञ्चालित सशस्त्र द्वन्द्वका समयमा कब्जा भई अन्य पक्षले उपयोग गर्दै आएका छन् । डा. लामिछानेले विदेशबाट पढेर आउने विद्यार्थीको समकक्षता तथा यहाँका विद्यार्थीलाई विदेशी विश्वविद्यालयमा छात्रवृत्तिका लागि त्रिभुवन विश्वविद्यालयलाई मात्रै अधिकार र प्राथमिकता दिइनुले अन्य विश्वविद्यालयलाई विभेद भएको गुनासो गरे । उनले हरेक जिल्लामा कम्तीमा एक संस्कृत माध्यमिक विद्यालय सञ्चालन नल्याए आफ्नो विश्वविद्यालयमा विद्यार्थी घट्दै जाने खतराबारे पनि मन्त्री पौडेललाई अवगत गराएको राससलाई बताए ।

मन्त्री पौडेलले विश्वविद्यालय सुधार गर्न राजनीतिक नेतृत्वलाई 'कन्भिन्स' गर्नसक्ने क्षमता विश्विद्यालयका नेतृत्वसँग हुनुपर्ने बताउँदै सरकारका तर्फबाट हुने सहजीकरण गरिने विश्वास दिए । उनले भने, 'अहिलेका विद्यमान ऐनमा रहेर उच्च शिक्षा सुधार गरौं । त्यसमा राजनीतिक नेतृत्वको अवरोध भए शिक्षा मन्त्रालयले सहजीकरण गर्नेछ । केही विश्वविद्यालयको जग्गामा सुकुम्बासी बसिरहेका छन्, सुकुम्बासीलाई सम्मानजनक हिसाबले व्यवस्थापन सरकारले गर्नुपर्छ, अन्य काम उच्चस्तरीय आयोगले गर्छ ।'

केही विश्वविद्यालयको जग्गा विवादको विषय अदालतमा विचाराधीन रहेको भन्दै उनले त्यसको समाधानका लागि विश्वविद्यालयको अनुदान आयोगको नेतृत्वमा उच्चस्तरीय आयोग बनाई समाधान गर्न सकिने बताए ।

उनले सूचना तथा सञ्चार प्रविधिको विकासले मानिसको चेतनास्तर वृद्धि भएकाले शिक्षक छनोट गर्दा दबाबले नभई गुणस्तरीय आधारमा गर्न जोड दिँदै भने, 'प्रविधिले चेतनास्तर बढाएको छ, पुरानो प्रविधिले अब हुँदैन ।

# सुनको मूल्य घट्यो

काठमाडौं (रासस)/ सुनचाँदी बजारमा छापावाल सुनको मूल्य प्रतितोला ९२ हजार ३०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला ९२ हजार ८०० मा कारोबार भएको पहेँलो धातुको मूल्य प्रतितोला बुधबार ५०० ले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको बुधबारको मूल्य प्रतितोला ९१ हजार ८०० छ जसको मूल्य मंगलबार प्रतितोला ९२ हजार ३०० तोकिएको थियो । बुधबार चाँदी अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रहेको महासंघले जनाएको छ । चाँदी मंगलबार प्रतितोला एक हजार २१० मा कारोबार भएको थियो । अन्तर्राष्ट्रिय बजारमा बुधबार सुन प्रतिऔँस एक हजार ७७० डलर आसपास कारोबार भइरहेको छ ।


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com





## नि:शुल्क सीप सिकौं आत्मनिर्भर बनौं

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल

फोन नं. ०५७-४१२७१६
फ्याक्स नं. ०५७-४१२७२४

## सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७८/०९/०१ गते)*

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, बागमती प्रदेश, हेटौडा मकवानपुरद्वारा यस आ.व. २०७८/०७९ को बार्षिक कार्यक्रम अनुसार नियमित तथा दलित समुदायका युवा युवतीहरुको व्यवसाय आधुनिकरण कार्यक्रम अन्तर्गत २०७८ पौष महिना देखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरु संचालन गर्न व्यक्तिगत आवेदकहरुले आवेदन फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुवाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम सामाग्री, उपकरण खाजा खर्च तथा प्रशिक्षक वाहेक थप सुविधा दिइने छैन ।

**१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडामा संचालन हुने तालिमहरु:**

| सि. नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति समय र स्थान | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | केश श्रृगांर तथा सौन्दर्य अभिवृद्धी | ३ महिने | २० | केश श्रृगांर वेसिक तालिम हासिल गरेको । | केन्द्रको तालिम भबन कमाने | २०७८/०९/१६ गते समय विहान ११:०० बजे देखि ३:०० बजे सम्म, स्थानः हे.उ.म.न.पा.- ८ कमाने, तालिम केन्द्र | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा मकवानपुरमा पाइने वा यस केन्द्रको वेब साईट (www.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | सिलाई कटाई अभिवृद्धी | ३ महिने | १५ | सिलाई कटाई वेसिक तालिम हासिल गरेको । | केन्द्रको तालिम भबन, कमाने | २०७८/०९/१६ गते समय विहान ११:०० बजे देखि ३:०० बजे सम्म, स्थानः हे.उ.म.न.पा.- ८ कमाने, तालिम केन्द्र | |
| ३. | खुकुरी वनाउने | ५ दिन | २० | साधारण लेखपढ र दलित समुदायको हुनुपर्ने । | हे.उ.म.न.पा. भित्र | २०७८/०९/१६ गते समय विहान ११:०० बजे देखि ३:०० बजे सम्म, स्थानः हे.उ.म.न.पा.- ८ कमाने, तालिम केन्द्र | |

**तालिम लिन इच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरु:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०७८/०९/१५ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ वा यस केन्द्रको ईमेल (vsdtchetauda@bagamati.gov.np) मा पठाउनु पर्नेछ । तालिमको अन्तर्वार्ताका लागी तोकिएको मिति र स्थानमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, मकवानपुरमा उपस्थित हुनुपर्ने छ ।
२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।
३. तालिममा महिलालाई सहभागिताका लागि प्राथमिकता दिईनेछ । गरिब, विपन्न, दलित, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार, एकल महिला र भुकम्प पिडित ब्यक्ती तथा परिवारलाई प्राथमिकता दिईनेछ ।
४. तालिम लिन इच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वस्थ्य र उमेर १८ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताबाट गरिनेछ । एक समूहमा औसत १५-२० जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।

## बेतिनी भिनेयार्ड प्रा.लि.

बागमती प्रदेश, मकवानपुर जिल्ला, बागमती गाउँपालिका वडा नं. ०९

### श्री बेतिनी भिनेयार्ड प्रा.लि. ले स्थापना गर्न लागेको वाईन उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना तथा सार्वजानिक सुनुवाईको सूचना

*(दोस्रो पटक प्रकाशित मिति:२०७८/०९/०१)*

बागमती प्रदेश मकवानपुर जिल्ला बागमती गाउँपालिका वडा नं. ०९ को कित्ता नं. ४२८ मा श्री बेतिनी भिनेयार्ड प्रा.लि.ले वार्षिक ५,६२,५०० लिटर वाईन उत्पादन गर्ने उद्देश्यले स्थापना गर्न प्रस्ताव गरेको उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रासायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणालि र अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम २ अनुसार प्रकाशित गरिएकाले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पर्न सक्ने क्षेत्रहरु बागमती गाउँपालिका ०९, मकवानपुर र सेरोफेरा**

| राय सुझाव पठाउने ठेगाना | | |
|---|---|---|
| प्रस्तावक | परामर्शदाता | स्थानीय निकाय |
| श्री बेतिनी भिनेयार्ड प्रा.लि. | ईको एण्ड लिगल सर्भिसेज प्रा.लि. | बागमती गाउँपालिका कार्यालय |
| बागमती गापा ०९, मकवानपुर, बागमती प्रदेश | काठमाडौं, नेपाल | झुरझुरे, मकवानपुर |
| टेलिफोन नः ००९७७-९८५६०२५५०४ | ०१-५९०६६१७ | ००९७७-९८५५०८८४६६ |
| ईमेलः betinivineyard@gmail.com | ecopeace019@gmail.com | bagmatimun.makwanpur@gmail.com |

**नोटः** श्री बेतिनी भिनेयार्ड प्रा.लि. ले स्थापना गर्न लागेको वाईन उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी हुन गईरहेको सार्वजनिक सुनुवाईको लागि निम्न मिति स्थान र समयमा उपस्थिक भई दिनुहुन सरोकारवाला सम्पूर्णमा जानकारी गर्दछौं ।
**मितिः** २०७८/०९/०९ गते शुक्रबार दिनको ११ बजे देखि २ बजे सम्म
**स्थानः** मकवानपुरजिल्लाबागमतीगाउँपालिकावडानं. ०९, को वडा कार्यालयको प्रांगण
**आयोजकः** ईको एण्ड लिगल सर्भिसेज प्रा.लि. तथा श्री बेतिनी भिनेयार्ड प्रा.लि.

# मुख्यमन्त्रीलाई लैगिंक हिंसाबिरुद्धको संकलित हस्ताक्षर हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाई लैगिंक हिंसाबिरुद्धको १६ दिने अभियानअन्तर्गत् संकलित हस्ताक्षर बुझाइएको छ ।

मकवानपुरमा लैगिंक हिंसाबिरुद्धको १६ दिने अभियान 'घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौ' भन्ने मुल नाराका साथ सञ्चालित थियो । 'म लैगिक हिंसा गर्दिन, गर्न दिन्न र यदी कतै हिंसा भएमा तत्काल प्रतिकार गर्दछु साथै लैगिक हिंसा अन्त्यका लागि सहकार्य समेत गर्दछु' भन्ने प्रतिबद्धतासहित उक्त अभियानमा सहभागीहरुले हस्ताक्षर गरेका छन् ।

मेन ईंगेज एलायन्सको आयोजना र मानब अधिकार संरक्षण तथा मानव बेचबिखनबिरुद्धको संजाल, महिला मानव अधिकार रक्षक संजाल, तरंगिनी फाउण्डेशन, डेक नेपाललगायतका निकायको सहकार्यमा हस्ताक्षर संकलन गरिएको थियो ।

हस्ताक्षर बुझ्दै मुख्यमन्त्री पाण्डेले लैगिक हिंसा नियन्त्रण गर्न आफ्नो ध्यान केन्द्रीत रहने बताएका छन् । प्रदेश सरकारको नीति तथा कार्यक्रममार्फत लैगिंक हिंसा अन्त्य गर्न विद्यालय तहदेखि नै सचेतना जागरणका कार्य गर्ने र पुरुष बर्गलाई नै केन्द्रीत गरी कार्यक्रम संचालन गर्नपर्ने भएको उनले बताए ।



महिलाको श्रमको मूल्याकंन गर्नु आवश्यक रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले लैगिक हिंसा अन्त्य नगरी समाज विकासको रुपान्तरण नहुने दावी गरे ।

बागमतीका मुख्यमन्त्री पाण्डे, महिला मानव अधिकार रक्षक राष्ट्रिय संजालका अध्यक्ष डा. रेणु अधिकारी, महासचिव राधिका सापकोटा, जिल्ला समन्वय समिति मकवानपुरकी उपप्रमुख भगवती पुडासैनी, मनहरी गाउँपालिकाकी उपप्रमुख मनिला बिष्ट, बकैया गाउँ-पालिकाकी उपप्रमुख सरला बोलखे, मेन ईगेज एलायन्स मकवानपुरका अध्यक्ष प्रकाश खतिवडा, मानब अधिकार संरक्षण तथा मानब बेचबिखनबिरुद्धको संजालकी अध्यक्ष आरती पाठकलगायतले लैगिक हिंसाबिरुद्ध हस्ताक्षर गरेका थिए ।

महिला मानब अधिकार रक्षकहरुको राष्ट्रिय संजालकी अध्यक्ष अधिकारीले श्रम क्षेत्रमा लैगिंक असमानता, ज्यालामा विभेद, असुरक्षित कार्यस्थल जस्ता बिषयहरु महत्वपुर्ण समस्याका रुपमा देखिएको बताइन् ।

उनले पितृसत्तात्मक समाज र त्यसबाट सिर्जित महिला र पुरुषबीच जन्मने असमान शक्ति सम्बन्ध भएकोले यसलाई अन्त्य गर्न सरकारलाई आग्रह गरेकी छन् । महिलाको घरेलु श्रमलाई मर्यादित श्रमको रुपमा स्थापित गर्ने, नेपालको श्रम कानुन २०७४ द्वारा व्यवस्था गरिएको कुनैपनि श्रम अनौपचारिक हुने छैन भनिएता पनी घरेलु श्रम अनौपचारिक नै रहेको भन्दै प्रदेश सरकारको ध्यानाकर्षण गराएकी छन् ।

आन्तरिक घरेलु कामको पहिचान, मुल्य र सम्मान हुनुपर्नेमा अध्यक्ष अधिकारीको भनाई छ । जिल्ला समन्वय समितिकी उपप्रमुख पुडासैनीले २१ औं सताब्दीमा पनि महिला हिंसा हुनु दुर्भाग्य रहेको बताइन् ।

मनहरी गाउँपालिका उपाध्यक्ष बिष्टले पितृसत्तात्मक सोचका कारण महिलालाई पुरुषबाटै हिंसा हुने भएकोले पुरुष बर्गलाई नै नैतिकताको ज्ञान र मानब अधिकार को बारेमा सचेत पार्नुपर्ने औंल्याएकी छन् । बकैया गाउँपालिकाकी उपप्रमुख बोलखेले महिला हिंसा भएकै कारण कतिपय महिलाहरु मनोसामाजिक समस्यामा परेको जानकारी गराइन् ।

मेन ईंगेज एलायन्स मकबानपुरका अध्यक्ष खतिवडाले लैगिंक हिंसा अन्त्य गर्न एलायन्स क्रियाशिल भएको बताए । यौनिक तथा लैगिंक अल्पसंख्यकको अधिकार, घरेलु श्रमिक महिला अधिकारको स्थापित, अपाङ्गता भएकाहरुको अधिकार, किशोरिहरुलाई शिक्षामा समाहित गराउन, सिमान्तकृत महिलाको अधिकार प्राप्ती, महिलालाई सम्मान र अग्रपंक्तिमा राखी महिलाको पहुँचमा अभिवृद्धिका लागि एलायन्सले कार्य गरिरहेको बताएका छन् ।

# मानव सेवा आश्रमलाई ह्वीलचेयर सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/अनेक विवशताले सडकमा आइपुगेका असक्तहरुलाई आश्रय दिइरहेको मानव सेवा आश्रमलाई ह्वीलचेयर सहयोग प्राप्त भएको छ ।

हेटौंडा उपमहानगर-पालिका-९ मा रहेको मानव सेवा आश्रमको केन्द्रीय कार्यालयलाई एकलाख २० हजार रुपैयाँ बराबरको १० वटा ह्वीलचेयर उपलब्ध गराइएको हो । हेटौंडा उपमहानगर पालिका कार्यालयले ह्वीलचेयर आश्रमलाई दिएको हो ।

आश्रममा रहेको असक्तहरुलाई हिँड्डुल गराउन ह्वीलचेयर आवश्यक पर्ने भएकाले सहयोग गरेको हेटौंडाका नगर प्रमुख हरिबहादुर महतले जानकारी दिए । महतले आश्रमका प्रतिनिधिलाई ह्वीलचेयर हस्तान्तरण गरेका थिए ।

सडक मानवमुक्त अभियानमा जुटिरहेको आश्रमलाई सहयोग गर्नु आवश्यक रहेको भन्दै महतले असहायहरुको संरक्षण गरिरहेकोमा आश्रमलाई धन्यवादपनि दिएका छन् । उपमहानगरपालिकाले यसअघिका वर्षमा पनि मानव सेवा आश्रमलाई ह्वीलचेयर सहयोग गरेको नगर प्रमुख महत बताउँछन् ।

ह्वीलचेयर हस्तान्तरण कार्यक्रममा हेटौंडा-१८ का वडा अध्यक्ष अनिल बानियाँ, उपमहानगर पालिका महिला तथा बालबालिका महाशाखाका प्रमुख जगन्नाथ सापकोटालगायतको उपस्थिति थियो ।

हेटौंडाबाट सेवा सुरु गरेको मानव सेवा आश्रमले हालसम्म देशको सातवटै प्रदेशका २७ वटा जिल्लामा सेवा प्रदान गरिरहेको छ । आश्रमलाई संघीय सरकारदेखि, प्रदेश र स्थानीय तहहरुले हरेक वर्ष आर्थिक सहयोग उपलब्ध गराउँदै आएका छन । निजी क्षेत्रबाट पनि सहयोग पाउँदै आएको आश्रमले सडकमा अलपत्र भएका नागरिकको गाँस, बास र कपासको व्यवस्था गर्दै परिवारमा पुर्नस्थापना गर्नेसम्मको काम गरिरहेको छ ।

# १५ वटा विद्यालयका विद्यार्थीलाई न्यानो कपडा



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-११, नवलपुरस्थित ग्रामीण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना केन्द्र (रुहेल सिआरसी)ले १५ वटा विद्यालयका एक हजार ४ सय ५० जना विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री नि:शुल्क वितरण गरेको छ ।

(रुहेल सिआरसी)ले तीन वटा पालिकामा संचालित १५ वटा विद्यालयका एक हजार चार सय ५० विद्यार्थीलाई विद्यालय पोशाक र न्यानो कपडा वितरण गरेको हो । रुहेल सिआरसीले हेटौंडा उप-महानगरका २, बागमती गाउँपालिकाका १० र राक्सिराङ गाउँपालिकाका ३ वटा विद्यालयका विद्यार्थीलाई सहयोग गरेको हो ।

रुहेल सिआरसीले १ सय ५ जना विद्यार्थीलाई खाद्यान्नसमेत सहयोग गरेको छ । आवश्यकतामा आधारित भई सहयोग गर्ने गरेको व्यवस्थापक केदार आचार्यले बताए । रुहेल सिआरसीले बालगृहसमेत सञ्चालन गरिरहेको छ । जहाँ २० जना किशोरी छन् । आइतबार देखि शैक्षिक सामग्री, विद्यालय पोशाक, व्याग र न्यानो कपडा वितरण गर्न सुरु गरिएको रुहेल सिआरसीका कार्यक्रम व्यवस्थापक आचार्यले जानकारी दिए ।

आइतबार, सोमबार र मंगलबार गरी तीन दिनमा ५ वटा विद्यालयका विद्यार्थीलाई सहयोग हस्तान्तरण गरिएको आचार्यले बताए । बागमती गाउँपालिकाको टंकेश्वर आधारभूत विद्यालय, जनप्रभात आधारभूत विद्यालय र आधारभूत विद्यालय शाखाटार, हेटौंडा उपमहानगरपालिकाको वीपी आधारभूत विद्यालय र आकाशधारा पानीसारामा सहयोग सामग्री वितरण गरिएको छ ।

हेटौंडाका दुई विद्यालयमा १ सय ३० जना र बागमतीका ३ विद्यालयमा २ सय १५ जना विद्यार्थीलाई सहयोग हस्तान्तरण गरिएको छ । बुधबार राक्सिराङको विकुटारस्थित जनजागृति आधारभूत विद्यालयका ५६ जनालाई सहयोग सामग्री वितरण गरिनेछ । विद्यालय पोशाकको भने कपडा दिएर सिलाइ खर्च दिने गरिएको छ । कपडा हस्तान्तरण गरेर सिलाई गरिसकेपछि मात्रै सिलाई खर्च दिने गरिएको कार्यक्रम व्यवस्थापक आचार्यले जानकारी दिए ।

# वालिङ, एबीसी, बगर भाईखलक र बानेश्वर हेटौंडा भेट्रान्सको क्वार्टरमा

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-५ पिप्ले क्याम्पा रंगशालामा जारी हेटौंडा भेट्रान्स कप फुटबल प्रतियोगितामा वालिङ, एबीसी भेट्रान्स, बगर भाईखलक पोखरा र बानेश्वर भेट्रान्स क्वार्टरफाइनलमा प्रवेश गरेका छन् ।

बुधबार भएको खेलमा विजयीहुँदै वालिङ, एबीसी भेट्रान्स, बगर भाईखलक पोखरा र बानेश्वर भेट्रान्स क्वार्टरफाइनल प्रवेश गरेका हुन् । बुधबारको पहिलो खेलमा वालिङले बुटबल भेट्रान्सलाई २-० ले हराएको हो ।

वालिङको तर्फबाट कैलाश राईले १३ र शंकर केसीले २७ औं मिनेटमा गोल गरेका थिए । यस्तै दोस्रो खेलमा एबीसी पोखराले बगर भाईखलक पोखरा 'बी' लाई २-१ गोलले हराएको छ । एबीसीको तर्फबाट हरि खड्काले चौथो मिनेटमा र सञ्जय गुरुङले ३२ औं मिनेटमा गोल गरेका थिए भने बगर भाईखलकको तर्फबाट राजकुमार घिसिङले ३० औं मिनेटमा गोल गरेका थिए । खेलको म्यान अफ द म्याच एबीसीका पूर्णबहादुर गुरुङ भए ।

बुधबार भएको तेस्रो खेलमा आयोजक हेटौंडा भेट्रान्सको रातो टिमलाई टाइब्रेकरमा निराश बनाउँदै बगर भाईखलक पोखरा 'ए' विजयी बन्यो । निर्धारित समयमा दुवै टिमको तर्फबाट दुई-दुई गोल भएपछि टाइब्रेकरमार्फत निर्णय लिइएको हो । खेलमा हेटौंडाको तर्फबाट बलबहादुर गुरुङले ३५ र ४० औं मिनेटमा गोल गरेका थिए भने बगर भाईखलकको तर्फबाट ३० र ४३ मिनेटमा बीरबहादुर गुरुङले गोल गरेका थिए । बगर भाईखलकका बीरबहादुर नै खेलको म्यान अफ द म्याच बने । बुधबार भएको अन्तिम



खेलमा हेटौंडा भेट्रान्सलाई ३-१ गोलले हराउँदै बानेश्वर भेट्रान्स क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

बानेश्वरको तर्फबाट सुमन शर्मा घिमिरेले ११ र २४ औं मिनेटमा गोल गरेका थिए भने उदय श्रेष्ठले २२ औं मिनेटमा गोल गरेका थिए । हेटौंडाको तर्फबाट सुरेश बानियाँले ४३ औं मिनेटमा एक गोल फर्काएका थिए । खेलमा बानेश्वरका राजु श्रेष्ठ म्यान अफ द म्याच बने । पौष ३ गते सम्म सञ्चालन हुने प्रतियोगितामा नेपालका विभिन्न जिल्लाको १८ वटा क्लबको सहभागिता रहेको छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

# बिजेता टोलीलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा/प्रथम अन्तर पालिका फुटबल प्रतियोगिता बिजेता थाहा नगरपालिका खेलाडी टोलीलाई बुधबार नगर परिक्रमासहित सम्मान गरिएको छ ।

प्रतियोगिताको विजेता थाहा नगरपालिकाको खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई नगरपालिका कार्यालयले बुधबार एक कार्यक्रमको आयोजना गरि सम्मान गरेको हो । नगरकार्यपालिकाको कार्यालय परिसर इन्द्रायणी चौरमा थाहा नगर खेलकुद विकास समितिका संयोजक राजेस केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरका प्रमुख लवशेर बिष्टले खेलाडीहरुलाई सम्मान गर्दै खेल क्षेत्रले थाहा नगरको पहिचान गराएकोमा खुसी व्यक्त गरे ।

बिष्टले आगामी दिनमा नगरले खेल क्षेत्रको विकास गर्न योजना नै बनाएर अघि बढ्ने बताए । सम्मान कार्यक्रममा टोली कप्तान सुमन बिष्टले आफूहरुलाई नियमित तालिमको व्यवस्था भए थाहानगरले फुटबल खेलको अझै प्रगती हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा टिम प्रशिक्षक नरेन्द्र मोक्तान, टिम व्यवस्थापक अनिल लामिछानेलगायत खेलाडीहरुलाई प्रशंसापत्र प्रदान गरिनुका साथै बिजेता टोलीलाई नगरको मुख्य बजार क्षेत्र परिक्रमा गराइएको थियो ।

जिल्ला समन्वय समिति मकवानपुरको आयोजना तथा जिल्ला खेलकुद विकास समिति मकवानपुर को व्यवस्थापनमा मंसिर १८ देखि २५ गतेसम्म हेटौंडामा प्रतियोगिता भएको थियो ।

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**


**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ–आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।

**व्यक्तिगत घटना दर्ता**




**मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
मत्राञ्चुली, मकवानपुरगढी




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**
***"तपाई, हामी सबैको कुरा"***
साझाकुरा
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



**व्यक्तिगत घटना दर्ता**




**भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल